**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेनी, म्याग्दी**

**आर्थिक वर्ष २०८२।८३ को छैठौं कार्यपालिका बैठकका निर्णयहरु**

*(मितिः २०८२।०९।०७ गते)*

**प्रस्तावहरुः**

**१. नगरसभाको १८ औं अधिवेशन सम्बन्धमा।**

**२. संघीय समपुरक र विशेष योजना छनौट सम्बन्धमा।**

**३. विविध सम्बन्धमा।**

**निर्णयहरुः**

**निर्णय नं. १**

बेनी नगरपालिकाको नगरसभाको १८ औं अधिवेशनको बैठक मिति २०८२/०९/१४ गते बेनी नगरपालिकाको सभाहलमा बस्ने गरी अधिवेशन आव्हान गर्ने । नगरसभाको अधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि आवश्यक सम्पूर्ण व्यवस्थापकीय तयारी गर्ने । नगरसभाको अधिवेशनमा पेश गर्नुपर्ने विषयहरुलाई देहायबमोजिम हुने गरी तयारी गर्ने ।

क) चालु आर्थिक वर्षमा अल्या भई संचित कोषमा बाँडफाँड हुन बाँकी रहेको रकम रु. १ करोड २९ लाख ३५ हजारबाट वडा कार्यालय मार्फत गत आर्थिक वर्षमा संकलन गरेको राजस्व रकमको बीस प्रतिशतले हुन आउने रकम र प्रति वडा सात लाखका दरले थप बजेटको सिलिङ दिई चालु आर्थिक वर्षमा कार्यान्वयन हुने गरी योजना छनौट गरी वडा समितिको निर्णयसहित मिति २०८२/०९/११ गते सम्ममा वडा कार्यालय मार्फत नगर कार्यपालिकाको कार्यालयमा पेश गर्न लगाउने । बाँकी रकम नगरपालिकाबाट आवश्यकता र औचित्यतताका आधारमा विनियोजन गर्ने । नगरपालिका र वडागत रुपमा कायम गरिएको सिलिङ देहायबमोजिम रहेको छ ।

वडा नं. १ रु. ८ लाख ५० हजार मात्र ।

वडा नं. २ रु. ९ लाख मात्र ।

वडा नं. ३ रु. ८ लाख ७५ हजार मात्र ।

वडा नं. ४ रु. ९ लाख ५० हजार मात्र ।

वडा नं. ५ रु. ८ लाख ७५ हजार मात्र ।

वडा नं. ६ रु. ८ लाख मात्र ।

वडा नं. ७ रु. ११ लाख २५ हजार मात्र ।

वडा नं. ८ रु. १६ लाख मात्र ।

वडा नं. ९ रु. १० लाख २५ हजार मात्र ।

वडा नं. १० रु. ८ लाख मात्र ।

जम्मा वडागत सिलिङ रु. ९८ लाख मात्र ।

जम्मा नगरतर्फ सिलिङ रु. ३१ लाख ३५ हजार मात्र ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

ख) चालु आर्थिक वर्षमा कुनै योजना तथा कार्यक्रमहरु संशोधन गर्दा कार्यसम्पादनलाई थप नतिजामूखी बनाउन सकिने देखिएमा त्यस्ता योजना तथा कार्यक्रम संशोधनको लागि वडा कार्यालयहरुले वडा समितिको निर्णय सहित र विषयगत शाखाहरुले विषयगत समितिको निर्णय सहित कार्यालयमा पेश गर्न लगाउने ।

ग) राष्ट्रिय/आन्तरिक रोजगार प्रवर्धन कार्यक्रमतर्फ प्रत्येक वडालाई देहायबमोजिम सिलिङ प्रदान गरी सोबाट सम्बन्धित वडामा सूचीकृत बेरोजगार व्यक्तिहरु प्रत्यक्ष लाभान्वित हुने योजना छनौट गरी वडा समितिको निर्णय सहित पेश गर्न लगाउने । राष्ट्रिय/आन्तरिक रोजगार प्रवर्धन कार्यक्रमतर्फ वडागत रुपमा देहायबमोजिमको बजेट सिलिङ निर्धारण गरिएको छ ।

वडा नं. १ रु. ७५,४००।-

वडा नं. २ रु. ७५,४००।-

वडा नं. ३ रु. १,२७,८००।-

वडा नं. ५ रु. २,००,०००।-

वडा नं. ६ रु. ३,७५,०००।-

वडा नं. ९ रु. १,२५,०००।-

वडा नं. १० रु. ७५,४००।-

जम्मा रु. १०,५४,०००।-

**निर्णय नं. २**

आगामी आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने संघीय समपुरक योजना र संघीय विशेष योजना तर्फ देहाय बमोजिमका योजनाहरु छनौट गरी आवश्यक तयारी सहित तोकिएको समय सीमा भित्र राष्ट्रिय योजना आयोगमा पेश गर्ने ।

**संघीय समपुरक योजना तर्फः**

क) बेनी-पूलाचौर-टोड्के सडक योजना (क्रमागत)

**संघीय विशेष योजना तर्फः**

क) चिसापानी-गौस्वारा खानेपानी योजना बे.न.पा. २

**निर्णय नं. ३**

नगरसभाको १८ औं अधिवेशनको बैठकमा पेश गर्ने अन्य प्रस्तावहरु आगामी कार्यपालिका बैठकमा छलफलका लागि पेश गर्न आवश्यक तयारी गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगर कार्यपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३